# घर नक्शा पास तथा अभिलेखिकरण सम्बन्धी अत्यन्त जरुरी सुचना !!!

यस नगरपालिकाका विभिन्न वडामा बसोवास गर्ने महानुभावहरुलाई घर निर्माण सम्बन्धी विभिन्न लिखित तथा मौखिक जानकारीहरु न.पा.को पत्र, वडा नागरिक मञ्च, सामाजिक परिचालक, राजनैतिक दलहरु, वडा सचिवहरु मार्फत यस अघि नै पटक पटक गराइ सकेको छ। तापनि न.पा.को स्वीकृती बेगर विना ड्रइङ्ग डिजाइन आफ्नो अनुकुल ढङ्गले घरहरु निर्माण गर्ने र त्यस पछि आवश्यक पर्ने बत्ती, पानी, बैङ्क ऋण एवं सरकारी अनुदान लिने क्रममा नक्सा पास आवश्यक भए पछि पूर्व स्वीकृत लिनुपर्ने विषय आफूलाई जानकारी नभएको, गल्ती गरेकोले माफी हुनुपर्ने, आफू फलानाको मान्छे भएको जस्ता कुरा देखाई निर्माण भइसकेको घरलाई बैधानिक तुल्याइदिन विभिन्न अनुनय विनय एवं अवान्छनीय दवाव समेत सृजना हुन थालेकोले नगरपालिकाबाट यो सुचना प्रसारण गरिएको छ। नगरपालिका गठन भईसकेपछि न.पा.को स्वीकृती नलिई बनेका कुनै पनि घरहरुको कुनै पनि बहानाका आधारमा पछि नक्सापास हुन नसक्ने र नगरपालिकाले घर निर्माण रोक्न आदेश दिइएकोमा अटेर गरेका घर धनीहरुको नाम नामेसी यस न.पा.को वेवसाइटमा कालो सुचीमा सुचिकृत गरिने र निजहरुलाई न.पा.बाट प्राप्त हुने सबै सेवा सुविधाबाट बन्चित गरिने व्यहोरा समेत अनुरोध छ।

अतः आफूले निर्माण गर्न चाहेको घरको नक्सा आफ्नो जग्गाको लालपूर्जा एवं नागरिकता सहित न.पा.मा सम्पर्क गरी बैधानिक तवरले मात्र घर निर्माण कार्य गर्नु गराउनु हुन पुनः सुचित गराइन्छ।

**दाप्चा काशिखण्ड नगरपालिका कार्यालय**
**भकुण्डेबेशी, काभ्रेपलाञ्चोक**
फोन नं.: ०११-४०४०३१, ०११-४०४०६८

...............................
डम्वरु दाहाल
(कार्यकारी अधिकृत)